## इन्जिनियरिङ्ग अध्ययन संस्थान
## प्रवेश परीक्षा बोर्ड
### शैक्षिक बर्ष २०७४/०७५ को स्नातक (बी.ई./बी.आर्क) तहको विद्यार्थी भर्नाका लागि संचालन गरिने
## प्रवेश परीक्षा सम्बन्धी सूचना

त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुमा शैक्षिक वर्ष २०७४/२०७५ का लागि स्नातक (बी.ई./बी.आर्क.) तहका विभिन्न कार्यक्रमहरुमा विद्यार्थीहरु भर्नाका लागि कम्प्यूटर परीक्षा प्रणालीको विधि मार्फत संचालन गरिने प्रवेश-परीक्षा मिति २०७४ श्रावण १५ गते देखि इन्जिनियरिंङ्ग अध्ययन संस्थान, सूचना तथा संचार प्रविधि केन्द्र (ICTC), पुल्चोकमा तोकिएको समय र शिफ्ट अनुसार संचालन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।
इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरु निम्नानुसार रहेका छन्।

| आङ्गिक क्याम्पसहरु | सम्बन्धन प्राप्तकलेजहरु | |
|---|---|---|
| १) पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर<br>२) थापाथली क्याम्पस, थापाथली<br>३) पूर्वाञ्चल क्याम्पस, धरान<br>४) पश्चिमाञ्चल क्याम्पस, पोखरा | १) कान्तिपुर इन्जिनियरिङ्ग कलेज<br>२) काठमाण्डौ इन्जिनियरिङ्ग कलेज<br>३) हिमालय कलेज अफ इन्जिनियरिङ्ग<br>४) एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट<br>५) नेशनल कलेज अफ इन्जिनियरिङ्ग | ६) काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट<br>७) जनकपुर इन्जिनियरिङ्ग कलेज<br>८) ख्वप: कलेज अफ इन्जिनियरिङ्ग<br>९) सगरमाथा इन्जिनियरिङ्ग कलेज<br>१०) ललितपुर इन्जिनियरिङ्ग कलेज |

**संचालित कार्यक्रमहरु :**
१) सिभिल इन्जिनियरिङ्ग २) इलेक्ट्रिकल इन्जिनियरिङ्ग ३) इलेक्ट्रोनिक्स एण्ड कम्प्युनिकेशन इन्जिनियरिङ्ग ४) मेकानिकल इन्जिनियरिङ्ग ५) कम्प्युटर इन्जिनियरिङ्ग ६) एग्रिकल्चर इन्जिनियरिङ्ग ७) इण्डष्ट्रियल इन्जिनियरिङ्ग ८) जियोमेटिक्स इन्जिनियरिङ्ग ९) आर्किटेक्चर १०) अटोमोबाईल इन्जिनियरिङ्ग

**१. आवेदनका लागि न्यूनतम योग्यता**

१.१ त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण-संस्थाबाट भौतिक शास्त्र, रसायन शास्त्र तथा कम्तिमा १०० पूर्णाङ्कको गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह वा A Level वा इन्जिनियरिङ डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५% अङ्क प्राप्त गरी उतीर्ण गरेका वा अन्तिम परीक्षामा सम्मिलित भएका विद्यार्थीहरुले पनि आवेदन दिई प्रवेश-परीक्षामा सहभागी हुन पाउनेछन्।

१.२ विदेशी नागरिकहरुले पूर्णशुल्कीय कार्यक्रममा मात्र आवेदन दिन पाउनेछन्।

**२. आवेदन फारम भर्ने विधि तथा आवश्यक कागजातहरु**

२.१ इन्जिनियरिङ्ग अध्ययन संस्थानको Website: http://entrance.ioe.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फारम आवेदक स्वयमले भरी online बाट नै सोही Website मार्फत submit गर्नु पर्नेछ।

२.२ Website मा Online Form मिति २०७४।०३।२७ गते बिहान १०:०० बजेदेखि मिति २०७४।०४।१० गते बेलुका ५:०० बजेसम्म मात्र उपलब्ध हुनेछ। तसर्थ उक्त अवधिभित्र कुनै पनि समयमा फाराम भरी सक्न सूचित गरिन्छ। तोकिएको समय पश्चात Online फर्म स्वत:बन्द हुनेछ।

२.३ आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिनेछ।

२.४ प्रवेश परीक्षा शुल्क वापतको रकम रु. २,०००।-(अक्षेरेपी रुपैया दुई हजार मात्र) नेपाल भित्रको सिध्दार्थ बैंक लि.को कुनै पनि शाखाबाट इ.अ.सं. प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी खाता नं. ००९१५०५६०६४ मा जम्मा हुनेगरी बुझाएको हुनु पर्नेछ। साथै Online Form भर्दा सो भौचरको नम्बर समेत अनिवार्य रुपमा भर्नु पर्नेछ।

२.५ मिति २०७४/०३/२० गते देखि नै परीक्षा शुल्क बुझाइ Bank Voucher भर्न सकिनेछ। भौचर काटिसकेपछि परीक्षा शुल्क बापतको रकम फिर्ता हुने छैन।

२.६ आवेदकले फर्म भर्दा दिइएको निर्देशनलाइ अनिवार्य रुपमा पालना गर्दै निम्नानुसारका जानकारीहरु भर्नु पर्नेछ।
* आवेदकको परिचय: आफ्नो, बुवाको, आमाको नाम * जन्म मिति * स्थायी ठेगाना * S.L.C. र I.Sc/10+ 2/A level/Engg. Diploma वा सो सरहको नतिजा बारेको बिवरण * हालसालै खिचिएको ३ से.मी.× ३.५ से.मी. (300 ×350 Pixel) को पूर्ण निधार देखिने Plain Background भएको Color Digital Photo हुनुपर्नेछ, अन्य Size को Photo स्वीकार्य हुनेछैन।
* हरेक शिफ्टमा परीक्षार्थीको संख्या सीमित भएको हुंदा निवेदकले सकेसम्म चांडो फाराम भरी आफूलाई अनुकूल हुने परीक्षाको मिति, समय तथा शिफ्ट निश्चित गर्नु पर्नेछ।

२.७ Online Form भर्दा आफूलाई परिचय गराउने फोटो र हस्ताक्षर सहितको प्रमाण पत्र (जस्तै: I. Sc../10+2/ Engg. Diploma को प्रवेश-पत्र वा
नागरिकताको प्रमाण-पत्र वा पासपोर्ट को नम्बर उल्लेख गरी त्यसको Digital छांया प्रति पनि पेश गर्नु पर्नेछ।

२.८ Online बाट परीक्षा फर्म भरी submit गरिसकेपछि तत्काले प्राप्त हुने Acknowledgement page print गर्नु पर्नेछ।

२.९ तोकिएका दिनहरुमा मात्र Online मा प्राप्तहुने प्रवेश-पत्र Download गरी Colour Print गर्नुपर्नेछ। परीक्षामा सामेल हुन प्रवेश-पत्र अनिवार्य हुनेछ।

२.१० प्रवेश परीक्षा दिन आउदा प्रवेश-पत्रको साथै आफनो परिचय खुलाउने फोटो सहितको सक्कल प्रमाणपत्र पनि ल्याउनु पर्नेछ।

२.११ Online Form भरेका आवेदकहरुले आफूले तोकेको मिति र समय तथा शिफ्टमा आफनो नाम भए-नभएको निश्चित गरी अन्यथा भएमा प्रवेश परीक्षा बोर्डमा मिति २०७४।०४।१३ गते ३.०० बजे सम्म सम्पर्क गर्नु पर्नेछ।

**३. प्रवेश परीक्षा सम्बन्धी जानकारी**

३.१ कम्प्यूटर परीक्षा प्रणालीको विधिबाट संचालन हुने प्रवेश परीक्षाका प्रश्नहरु वस्तुगत (Objective) हुनेछन्। प्रश्न संख्या १०० हुनेछ र गलत उत्तरको लागि **10% Negative Marking** गरिने छ।

३.२ I. Sc./10+2/A level/Engg. Diploma वा सो सरहको पाठ्यक्रमको आधारमा इ.अ.सं प्रवेश परीक्षा बोर्डले प्रकाशित गरेको पाठ्यक्रम अनुसार English, Mathematics, Physics, Chemistry र Engineering Aptitude बिषयहरुमा दुई घण्टा अवधिको कम्प्यूटर परीक्षा प्रणालीको विधिबाट परीक्षा लिइनेछ।

प्रवेश-परीक्षा तथा भर्ना सम्बन्धी अन्य थप जानकारी इ.अ.सं. को Website: http://entrance.ioe.edu.np मा पछि उपलव्ध गराईने प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्वन्धी बिस्तृत जानकारी-२०७४ बाट प्राप्त गर्न सकिनेछ।

***द्रष्टव्य:*** *त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा शैक्षिक बर्ष २०७४ मा संचालन हुने स्नातक तह बी.इ./बी.आर्क प्रवेश परीक्षा उतिर्ण गर्ने परीक्षार्थीहरु नेपाल सरकार, शिक्षा मन्त्रालयको छात्रवृत्ति सम्बन्धी नियमावली अनुसार तोकिएको कानूनी मापदण्ड पुरा गरेमा सो मन्त्रालयद्वारा २०७४/०७५ मा प्रदान गरिने उच्च शिक्षाका छात्रबृत्तिहरुको प्रयोजनका लागि समेत उम्मेदवार हुन योग्य हुनेछन्।*

---

### त्रिभुवन विश्वविद्यालय
### इन्जिनियरिङ्ग अध्ययन संस्थान
### प्रवेश परीक्षा वोर्ड
## जरुरी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा वोर्डबाट शैक्षिक वर्ष २०७४/०७५ को स्नातक बी.ई/बी.आर्क तहको बिद्यार्थी भर्नाका लागि संचालन गरिने प्रवेश परीक्षा सम्बन्धी
मिति २०७४/०३/११ र २०७४/०३/१२ गते प्रकाशित सूचनाको बुंदा १ को १.१ मा ***"कम्तिमा १०० पूर्णाङ्कको गणित विषय"*** उल्लेख भएकोमा इ.अ.सं.को निर्णयानुसार
***"२०० पूर्णाङ्कको गणित विषय"*** कायम गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।